# १४ औँ गाउँ सभाको अधिवेशनमा उपाध्यक्ष श्री सुगान्धी देवी कनुईन ज्यूको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत श्री प्राण मेहता ज्यूद्वारा प्रस्तुत

## आर्थिक बर्ष २०८१/८२ को नीति, कार्यक्रम तथा बजेट

**परवानीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लिपनीमाल, बारा।**
२०८१

# परवानीपुर गाउँपालिको आ.ब. २०८१/८२ का बार्षिक नीति तथा कार्यक्रम

## मिति २०८०/०३/०८ गते शानिबार

आदरणीय सभा अध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

१. यस गरिमामय सभामा परवानीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा परवानीपुर गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण बुद्धिजिवि, समाजको अगुवा, नागरिक समाज, समाजसेवी, राजनितिकर्ता, शिक्षक वर्ग, प्रतिनिधी, आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत कर्मचारी तथा सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२. सुन्दर, समुन्नत र समृद्ध परवानीपुर गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त परवानीपुर गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द परवानीपुर गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

३. परवानीपुर गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर परवानीपुर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण, शिक्षा स्वास्थय र कृषीलाई आधुनिकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

४. विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेको छ ।

५. नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर

विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

६. यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो परवानीपुर गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

७. सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन परवानीपुर गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

८. नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, सोह्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

९. सोह्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, परवानीपुर गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, परवानीपुर गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

१०. गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा परवानीपुर गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा परवानीपुर गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

११. परवानीपुर गाउँपालिकाको सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

१२. यस परवानीपुर गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

१३. **चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण**

- ✓ परवानीपुर गाउँपालिकाको अन्तर्गतका बिभिन्न कारणले छुट हुन गएका सडक क्षेत्रलाई निर्माण सम्पन्न गरिएको छ ।
- ✓ अधुरो नाला निर्माण कार्यहरुलाई सम्पन्न गरिएको छ।नाला निर्माण भई ढल निकासा उचित व्यवस्थापन गरिएको छ ।
- ✓ परवानीपुर गाउँपालिकाका गाउँ क्षेत्र भित्र पर्ने भित्री साघुरो सडकलाई चौडा बनाई आवश्यक पूर्वाधार निर्माण गरिएको छ।
- ✓ खानेपानी व्यवस्थापनको डिप बोरिङ्ग जडान, निर्माधीन अवस्थामा रहेको खानेपानी संरचनाबाट खानेपानी वितरणको प्रयास गरिएको छ।
- ✓ परवानीपुर गाउँपालिकाका सवै वडामा सडकको पहुँच पुगेको छ। परवानीपुर गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएको छ ।
- ✓ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई लाई गाउँपालिको योजनाहरुको सँग टाई अप गरी अभिकत्तम परिचालन गरी रोजगारी सिर्जनाको कार्य सम्पन्न गरिएको छ।
- ✓ यूवाहरुलाई क्रिकेट खेल प्रति आर्कषण बढाउन "प्रथम अध्यक्ष कप क्रिकेट प्रतियोगिता सम्मपन्न गरिएको छ।
- ✓ वृक्षारोपण गरी हरित गाउँपालिका बनाउनलाई प्रवर्द्धन गर्न ५००० बोटबिरुवाहरु वृक्षरोपण समपन्न गरिएको छ।
- ✓ गाउँपालिकाको आफ्नै प्राशासकीय भवन निर्माणको कार्य अन्तिम चरण रहेको छ । अगामी २ महिना भित्र भाडाको कार्यालयबाट आफ्नै भवन कार्यालय सारिने छ ।
- ✓ वडा नं. १ को आफ्नै नयाँ कार्यलय भवन निर्मानि सम्पन्न भई सेवा प्रवाह सुचार गरिएको छ ।
- ✓ वडा नं. २ को बर्थिङ्ग सेन्टरको भवन निर्माण सम्पन्न गरिएको छ ।
- ✓ वडा नं. ४ को स्वास्थ्य संस्था भवन निर्माण सम्पन्न भएको छ।
- ✓ परवानीपुर गाउँपालिकाका विभिन्न वडामा बोरिङ्ग जडान, कुलो नहर तथा पैनि सरसफाइ गराइएकोले सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ ।जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएको छ ।
- ✓ कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएको छ ।

- ✓ विधालयमा डिजिटल प्रविधिबाट अध्यन्न सुरु गरिएको तथा बालविकास कक्षा बालमैत्री बनाइएको छ ।
- ✓ विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता  बढेको छ ।युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान व्यवस्थापन गरिएको छ ।
- ✓ परवानीपुर गाउँपालिकामा कृषि सडक कजवे निर्माण भएको छ । तरकारी संकलन केन्द्र, बुनियादमा बन्दै छ । कृषि सहकारी संस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएको छ ।
- ✓ परवानीपुर गाउँपालिका भित्र रहेका धार्मिक  तथा सांस्कृतिक स्थलहरूको संरक्षण र प्रवर्ध्दन गर्ने कामलाई ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएको छ ।
- ✓ रोजगारी सृजना गर्न परवानीपुर गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ । यसबाट रोजगारी सृजना भएको छ ।
- ✓ परवानीपुर गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ । मध्यकालिन खर्च संरचना कार्यान्वयन मा लयाइएको छ ।
- ✓ राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा बृद्धि भएको छ । गाउँपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयबाट हस्तलिखित रसिद विस्थापन गर्न प्रयास गरिएको छ ।

**आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाध्यक्ष महोदय,
अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति

### १.१ शिक्षा सम्बन्धी नीति

ख. क. परवानीपुर गाउँपालिकाका विद्यालयहरुलाई आधुनिक प्रविधि मैत्री बनाउने छ। डिजिटल बोर्ड जडान, कक्षाहरु सिसिटिभी जडान, बायोमेट्री हाजरी जडान सम्पन्न गरिने छ ।

ग. शिक्षा क्षेत्रको विकास कार्यको लागि पाँच वर्षे योजना आधारित चौतर्की विकास गर्न "परवानीपुर विद्यालय शिक्षा क्षेत्र सुधार कार्यक्रम" संचालन गरिनेछ ।

घ. यस आर्थिक वर्ष भित्र कम्ती एक वटा विद्यालयलाई नमुना विद्यालयको विकास गरिनेछ ।

ङ. डोम, मुसहर, चमार र दुसाद हलखोर लगायत सिमान्कृत जातजातिका बालबलिकालाई लक्षित गर्दै दलित शिक्षा अभियान कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु ।

च. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइने छ । हप्तामा कमतिमा १ दिने आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित प्रयोगातमक कक्षा संचालन गराउने व्यवस्था मिलाइनेछ ।

छ. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

ज. परवानीपुर गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

झ. विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

ञ. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

ट. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

ठ. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।साथै अंग्रेजी शिक्षाको लागी प्रत्येक विधालयमा अंग्रेजी भाषाको छुटै कक्षा संचालनकोलागी बजेट व्यवस्थापन गरि संचालन गरिनेछ ।

ड. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

ढ. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

ण. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

त. "उत्कृष्ट शैक्षिक गन्तव्य परवानीपुर गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च

शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

थ. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

द. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

ध. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ।

न. लोक सेवा तयारी, सुरक्षा निकाय तयारी कक्षा संचालन गरी सरकारी सेवा यूवालाई आर्किषत गर्न प्रयास गरिनेछ ।

ऩ. परवानीपुर गाउँपालिका क्षेत्र भित्रका धार्मिक शिक्षालयहरुको स्तरउन्नती गर्दै लगिनेछ।

प. सामुदायिक बिद्यालयहरुको बार्षिक परीक्षाको नतिजा विश्लेषण तथा शिक्षक र बिद्यार्थीहरुलाई प्रोत्साह गर्ने व्यस्था गरिनेछ ।

फ. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

## क. संस्कृति सम्बन्धी नीति

१. परवानीपुर गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

२. परवानीपुर गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. परवानीपुर गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

## ख. युवा तथा खेलकुद सम्बन्धी नीति

१. वडा नं. १ मा रहेको बुनियाद खेलकुद मैदानलाई गाउँपालिकाको मुख्य खेल मैदानको रुपमा विकसित गरिने छ । पूर्वाधार विकास गरी राष्ट्रिय स्तरको खेल मैदान विकासित बनाईनेछ ।

२. दोस्रो अध्यक्ष क्रिकेट प्रतियोगिता संचालन गर्नको लागि बजेट विनियोजन गरेको छु ।

३. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

४. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

५. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

६. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि परवानीपुर गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

७. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

८. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

९. “एक वडा, एक व्यायामशाला” को नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

१०. विपन्न, गरिब र दलित परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

११. परवानीपुर गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति**

१. लैङ्गीक समानता र सामाजिक समावेशीकरण र समानुपातिक प्रतिनिधित्व सम्बन्धी बिषयहरुलाई सम्बोधन गर्ने गरी बिभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२. महिलाहरुलाई आयआर्जनसंग जोड्ने कार्यक्रम सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ,

३. महिला अधिकार, कर्तव्य र उत्तरदायी क्षमता विकासका कार्यक्रम संचालन गर्ने, महिला जागरण मुलक कार्यक्रमहरु संचालन गरिनेछ,

४. बाल विवाह, बालश्रम, दुर्व्यवहार, लागु पदार्थ दुर्व्यसनी न्यूनीकरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ,

५. अभिभावक विहीन बालबालिकालाई शैक्षिक प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ,

६. अपाङ्ता भएका व्यक्तिहरुको वर्गीकरण मार्फत सञ्जाल गठन गरी सीप, अवसर र सहायक सामाग्रीमा सहयोग सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

७. जेष्ठ नागरिक, अपाङ्गता परिचयपत्र वितरण तथा सामाजिक सुरक्षामा आवद्धता लगायतका कार्यहरुलाई घरदैलो अभियानकै रुपमा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ,

८. परिवार बिहिन बालबालिकाहरुलाई संरक्षण गृह मार्फत सहयोग गरिनेछ

९. महिला, बालबालिका, एकल महिला, अपांगता, ज्येष्ठ नागरिक आदिको वार्षिक तथ्याङ्क व्यवस्थापन तथा अद्यावधिक गर्ने,

१०. समाजमा रहेका हरेक प्रकारका विभेद, कुरिती तथा गलत प्रचलनहरुलाई अन्त्य गर्न वडा, बस्तीस्तरमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ,

११. ज्येष्ठ नागरिकहरुमा रहेको ज्ञान, सीप र अनुभवहरुलाई युवा पुस्तामा हस्तान्तरणका लागि कार्यक्रम सञ्चालन गरिनेछ,

१२. लैंगिक तथा घरेलु हिंसामा परेका महिला तथा बालबालिकाका लागि सेफ हाउस कार्यक्रमलाई निरन्तरता दिईनेछ,

**ग. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

५. अपाङ्गता पुनस्थापनाको लागि पुनर्स्थापन गृह स्थापना तथा ज्येष्ठ नागरिकको लागी मिलन केन्द्र स्थापना गरिनेछ।

६. ज्येष्ठ नागरिक परिचयपत्र तथा सामाजिक सुरक्षा भत्ता वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ।

८. हिंसा मुक्त परवानीपुर गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

९. परवानीपुर गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

१०. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

११.गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

१२.परवानीपुर गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१३.हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।

१४.बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१५.परवानीपुर गाउँपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८१/८२ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

**घ. स्वास्थ्य सम्बन्धी नीति**

१. यस आर्थिक वर्षभित्र १५ शैंया अस्पताल निर्माणको लागि जग्गा अधिग्रहण गरी स्वास्थ्य मन्त्रालय सँग आवश्यक समन्वय गरी निर्माणको लागि बजेट सुनिश्चतता गराईने छ ।

२. वडा नं. २ रामपुरमा यस गाउँपालिकाको पहिलो बर्थिङ्ग सेन्टर संचालनमा ल्याईने छ ।

३. ग्रामीण अल्ट्र साउण्ड कार्यक्रम सबै वडाहरुमा संचालन ल्याईने छ ।

४. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँ परवानीपुर गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

५. सङ्घीय सरकारबाट प्राप्त शसर्त कार्यक्रम र बजेटसँग तालमेल हुने गरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन थप बजेटको ब्यवस्था गरी सर्बब्यापी पहुँचको अवधारणा अनुसार गाउँपालिकावासी लाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

६. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।

७. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

८. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

९. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

१०.आर्थिक रुपमा अति विपन्न परवानीपुर गाउँपालिका वासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।

११.अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

१२.परवानीपुर गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।

१३.महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

१४.स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१५.स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।

१६.सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१७.स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालन निरनतरता लागि विशेष व्यवस्था गरिनेछ।

१८.महिलाहरुमा पाठेघरको समस्या पता लगाई सोको समाधानका लागी विशेषज्ञ डा. सहितको निःशुल्क पाठेघर शिविर संचालन गरीनेछ ।

१९.परिवार नियोजन सेवाको पहुँच बढाउन ग्रामिण भेगमा निः शुल्क महिला तथा पुरुष बन्धयाकरण शिविर संचालन गरीनेछ ।

२०.स्वास्थ्य संस्थाको सेवा गुणस्तरीय र सेवा प्रवाहमा सहजरुपमा प्रदान गर्न स्वास्थ्य चौकीहरुको मर्मत तथा संभार गरीनेछ ।

२१.खोप तथा गाउँघर क्लिनिकहरुलाई संचालन तथा व्यवस्थापन गर्न प्रत्येक वडामा कम्तीमा १-१ स्थानमा गरि ५ वटा सामुदायिक भवनको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

२२.खोप तथा गाउँघर क्लिनिकहरुलाई व्यवस्थित गर्न चाहिने अत्यावश्यक औषधि, सर्जिकल सामग्री लगायत फर्निचरहरु व्यवथा गरीने छ ।

२३.गाउँवासीहरुलाई सर्वशुल्भ सुपथमुल्यमा औषधी उपलब्ध गराउन गाउँ फार्मेसीको स्थापना तथा संचालन गरीनेछ ।

२४.गर्भवती जाँच बढाउन तथा प्रोत्साहन गर्न विशेषज्ञ सहितको गर्भवती जांच सेवाको व्यवस्था गरीनेछ ।

२५.स्वास्थ्यकर्मीहरुलाई नसर्ने रोग, दिर्घरोग को उपचार तथा रोकथाम, दाँत तथा मुख सम्बन्धि तालिमको व्यवस्थापन गरीनेछ ।

२६.घरघरमा स्वास्थ्यकर्मी गई सुत्केरी जाँचकार्य लाई व्यवस्थापन गरीने छ ।

२७.प्रत्येक वडामा दुई जना सामुदायिक स्वास्थ्यकार्यकर्ता (हे.अ. र स्टाफ नर्स) भर्ना गरि जेष्ठ नागरीक तथा अशक्त व्यक्तिहरुलाई स्वास्थ्य सेवाको अनुभुती तथा उपभोग गराउन घरघरमा स्वास्थ्यकर्मीबाट स्वास्थ्य जाँचको व्यवस्था गरीने छ ।

२८.वर्थिंग सेन्टर संचालनको लागि SBA तालिम र ग्रामिण अल्ट्रा साउण्डको तालिमको व्यवस्थापन गरिनेछ ।

२९.परवानीपुर गापा मा क्षयरोग मुक्त अभियान संचालन गरिनेछ ।.

३०.कोरोना भाइरस रोगको संक्रमण रोकथाम, उपचार र नियन्त्रणका लागि प्रदेश र सङ्घीय सरकारसँग समन्यव गरी मापदण्ड अनुसारको ब्यवस्थापन गरिने छ र कोभिड १९ खोप कार्यलाई विषेश प्राथमिकतामा राखी कार्य गरीने छ ।

३१.स्वास्थ्य संस्थामा सुत्केरी हुने दर बढाइ मातृ तथा नवशिशु स्वास्थ्य र पोषण स्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिने छ ।

३२.महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन प्रोत्साहन स्वरुप मासिक यातायातमा वृद्धि गरिनुको साथै सहयोग सामाग्रीको ब्यवस्था गरिने छ ।

३३.दुई वर्ष मुनिका बालबालिकामा कुपोषण हुनबाट जोगाउन र वृद्धि अनुगमन बढाउँन थप आहार वितरण कार्यक्रम कार्यलाई प्रारम्भ गरिने छ ।

३४.पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यलाई निरन्तरता दिईनेछ ।साथै पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कार्यलाई थप व्यवस्थित गर्न सामाजिक सुरक्षा वितरण कार्यक्रम (पोषण भता) संग आवध गरिनेछ ।

३५.उच्च रक्तचाप, मधुमेह, नसर्ने रोगको निशुल्क औषधि वितरण गरीनेछ ।

३६.स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप ब्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरु बाटै विधुतीय माध्यमबाट अभिलेख राखि प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै तथ्याकंको गुणस्तर सुधारको लागि नियमित तथ्याकं गुणस्तर लेजाजोखा (Routing Data Quality Assessment- RDQA), न्यनतम सेवा मापदण्ड लेजाजोखा (Minimum Service Standard, MSS- Assessment) र समिक्षा कार्यलाई ब्यवस्थित बनाइने छ ।

३७.न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ । स्वाथ्यकर्मीहरुको क्षमता अभिबृद्धि गर्नको लागी आवशयक तालिम दिईनेछ तथा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई प्रोत्साहित गरीनेछ ।

३८.महिला स्वास्थ्य सुधार गर्नको लागी पहुच भन्दा टाढाको बस्तिमा विषेशज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरीनेछ ।

३९.गाउँपालिका बासिहरुको स्वास्थ्य प्रर्बधन गर्न पंचकर्ममा जोड दिनुको साथै योग तथा ध्यान सिबिर संचालन गरिनेछ ।

४०.स्थानिय स्वास्थ्य सस्थाहरुलाई ब्यवस्थित गर्न तथा शुशासन कायम गर्न स्थानिय स्वास्थ्य सस्था सचालन तथा ब्यवस्थापन समितिलाई क्षमता अभिबृधि गरिनेछ ।

## २. आर्थिक विकास सम्बन्धी नीति

१. स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा परवानीपुर गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२. उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि परवानीपुर गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न परवानीपुर गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

३. नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिने छन ।

४. ul/aL lgjf/Ofsf nflu n३' pwd ljsf; sfo{s|d lgb]{lzsf @)&& adf]lhd pwdLsf] :t/f]GgtL cfjZostf klxrfgsf cfwf/df k"gtfhuL / P८efG; ;Lk tflnddf hf]८ lbOg]५ .pwdLx?n] pTkfbg u/]sf pTkfbsTj jf Joj;fosf] ahf/Ls/Ofdf ;xof]u k'o{fpg] sfo{s|df hf]८ lbOg]५ .k'/fgf] pwdLx? Joj;fo ug]{ pwdLx?nfO{ pko'tm k|ljlwdf x:tfGt/Of ul/g]५ .CTEVT af६ tflnd lbO SKILL TEST u/L k|dfOf kq lbOg] sfo{s|d ;+rfng ul/g]५ ।नवप्रवर्धन कार्यक्रमकोलागि छुटै शाखा स्थापना गरि लगु उधमिलाइ एडभान्स तालिम दिइ सफल उधमी बनाउनको लागी बजेट विनियोजन गरिनेछ ।

## क. उद्योग तथा पर्यटन सम्बन्धी नीति

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि परवानीपुर गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

४. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग विकासको नीति निइनेछ।

५. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

६. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

७. विभिन्न जातजातिको जात जाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

८. अन्तर परवानीपुर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परवानीपुर गाउँपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

२. **बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ।

३. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

४. परवानीपुर गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

५. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको परवानीपुर गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ।बजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा परवानीपुर गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।

६. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

७. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

८. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सप्टवयर** निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

९. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी खेतिको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

१०.ufpFkflnsf leqdf ls६gfzs ljiffbLsf] cGt u/L h}ljs ljiffbLdf a९L eGbf a९L hf]८ lbOg]५ .

११.ufpFkflnsf leqdf h}ljs ljiffbL ;DaGwL hgr]tgf sfo{s|d ;+rfngdf Nofpg]५ .

१२.ufpFkflnsf leqsf ls;fgx?sf] nflu l;+rfOsf] Joj:yf ldnfOg]५ .

१३.सिचाइको लागी कृषि मिटरको खस युनिटको रकम पालिकाले व्योहर्नको लागि बजेटको व्यवस्था गरिने छ ।संचालनमा नरहेका तथा विग्रेको अवस्थामा रहेका पालिका भरिका सबै बोरिङ्गलाइ संचालन गर्नको लागि संचालन समिति गठन तथा बजेटको व्यस्था गरिनेछ ।

**ग. सहकारी सम्बन्धी नीति**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विंउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

**३. सूचना तथा संचार सम्बन्धी नीति**

१. पत्रकार महासंघकोसहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२. स्थानीय टिभि च्यानेल वा नेपाल टेलिभिजनसँगको सहकार्यमा सञ्चालित “हाम्रो गाउँपालिका” टेलिभिजन प्रसारण कार्यक्रम सञ्चालन गरिनेछ ।

३. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

६. सरकारको निति तथा कार्यक्रम अन्तर्गत सरकारी निकायबाट हुने सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउन कार्यालयको दर्ताचलानी शाखा तथा योजना शाखामा आउने सबै प्रकारको / चिठी, पत्र, कागजात आदिलाई आ/८१ बाट दर्ता/२०८० .व.चलानी गर्न सफ्टवेयर प्रयोगमा ल्याईने छ ।

७. कार्यालयको कामकाज कम्प्युटरबाट हुने गरेको र त्यसमा पनि **Microsoft word, Excel** र **Powerpoint** को प्रयोग अत्याधिक मात्रामा हुने भएकोले कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि **Basic word, Excel, Powerpoint** जस्तै IT सम्बन्धि तालिम प्रदान गरिनेछ ।

८. राजश्व दाखिलालाई प्रविधि मैत्री बनाउन अहिले सम्म सेवाग्राहीहरु कार्यालयमै आएर दाखिला गर्नु पर्ने बाध्यतालाई अन्ते गर्न सेवाग्राहीहरुले घर बसी बसी राजश्व दाखिला गर्न सक्ने प्रविधिको विकास गरिनेछ । यसको लागि **Customer Login Portal** तथा **QR Code** निर्माण गर्न राजश्व, लेखा, सूचना प्रविधि शाखा तथा राजश्व सफ्टवेयर निर्माता **Company** संग सहकार्य गरिनेछ ।

## ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।

## ५. सुशासन, सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति

१. गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ।

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएको क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

९. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

१०. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा थप सेवा प्रवाह बास खाजा भत्ता, पर्यटन भ्रमण काज जस्ता अन्य सुविधा प्रदान गर्ने नीति लिइनेछ।

११. परवानीपुर गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१२. सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग निर्माण सामाग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ।

१३. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१४. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१५. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१६. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१७. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१८. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ६. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

### क. फोहोरमैला व्यवस्थापन, खानेपानी तथा स्वच्छता सम्बन्धी नीति

१. खानेपानीको देखा परेको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

२. संघ सरकार तथा प्रदेश सरकारसंग सम्न्वय गरी खानेपानीको दिर्घकालिन उपायको खोजि गरिनेछ ।तथा गाउँपालिका भित्र रहेका पानि टंयाकिको संचालनको लागि खानेपानी उपभोक्ता समिति गठन गराइ संचालनको लागि सम्बन्धित कार्यालयमा सम्नवय गरि संचालनको लागी बजेट विनियोजन गरिनेछ ।

३. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार, पोखरी, डबरि र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

४. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

५. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

६. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

७. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

८. शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक) गरिनेछ ।

९. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

१०. घर-घरमा पालिएका घरपालुवा जनावरको दिशा पिसाबजन्य फोहोर सम्बन्धित धनिले घर भित्रै व्यवस्तापन गर्नु पर्ने छ। सार्वजनिक सडकमा ल्याई दिशा पिसाब गराएको पाइएमा कानून बमोजिम कार्वाही गर्ने नीति लिइनेछ।

११. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१२. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

चौक चौक तथा बजार क्षेत्रमा पालिकाबाट डस्विनको व्यवस्थापन गरि फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

१३.खानेपानी तथा सरसफाइको सेवालाइ प्रभावकारी वनाउन प्रारम्भिक स्मार्ट वाटर सिस्टम लागु गरिनेछ ।

**ख. <u>वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति</u>**

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम

न्यूनीकरण योजना तयार गरिनेछ ।

६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

८. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

९. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१०.विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

११.गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१२. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

६. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

७. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

८. एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित वसोवासलाई व्यवस्थित तुल्याउन एकिकृत वस्ती विकास आयोजना संचालन गरिनेछ। गाउँपालिकाको गहनाको रुपमा रहेको पालिका भवन, तालिम हल, वाल उद्यान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुनर्निर्माण गरी सभा समारोहहरु तालिम हलमा संचालन गर्न प्राथमिकता दिइनेछ।

९. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

१०. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

११. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी

ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१२. गाउँपालिका क्षेत्र भित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ। आवासीय भवनमा "एक घर-एक विरुवा" नीतिलाई निरन्तरता दिइनेछ।

१३. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१४. गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१५. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१६. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१७. "एक वडा-एक पार्क" निर्माण नीतिलाई निरन्तरता दिइनेछ।

१८. गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१९. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

२०. प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

२१. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

## ८. <u>राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति</u>

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।

७. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

८. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

९. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

१०. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ।

११. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

## ९. गै.स.स. तथा निजी क्षेत्र सँग सम्बन्धी नीति

१. यस गाउँपालिकाभित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवमं गैर सरकारी संस्थाहरुसँग सामाजिक विकासमा साझेदारी गर्दै ती संस्थाहरुलाई जवाफदेही र मर्यादित बनाउन पारदर्शि र व्यवस्थित रूपमा परिचालन गर्न NGO डेस्क स्थापना गरी सबै कार्यक्रमहरुलाई गाउँपालिका मातहतमा ल्याईनेछ ।

२. गाउँपालिका सँग विकास र जनसेवामा साझेदारी गर्न चाहने राष्ट्रिय, अन्तराष्ट्रिय, गै.स.स. सँगको सहकार्यलाई उच्च प्राथमिकता दिई स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतका आधारमा विकास गतिविधिमा गै.स.स. सँग सहकार्य गरिने छ। साथै अनुभव आदानप्रदान, असल सिकाई अवलम्बन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भगिनी सम्बन्ध कायम गर्ने नीति अवलम्बन गरिने छ । विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई वास्तविक कार्यनीतिमा परिणत गरिने छ, विकास निर्माणमा जनसहभागिता र निजि क्षेत्रको भूमिका समेत स्थापित गर्दै लगिनेछ ।

## घ) अन्तर सरकारी समन्वय सम्बन्धी नीति

१. यस परवानीपुर गाउँपालिका संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनको पूर्ण पालना गरिने छ ।

२. परवानीपुर गाउँपालिकाकाद्वारा निर्माण गरिने कानुनहरु संघीय तथा प्रादेशिक कानुनहरु सँग नबाझिने गरी बनाईने छ ।

३. अन्तर स्थानीय तहमा मार्फत योजना तथा कार्यक्रम संचालन गर्ने लागत साझेदारी गरिनेछ ।

४. संघीय तथा प्रदेश सरकारबाट उपलब्ध हुने बिभिन्न अनुदानहरुमा कानुन बमोजिम लागत साझेदारी गरिनेछ र सोको लागि परवानीपुर गाउँपालिकाबाट म्याचिङ्ग फण्डको व्यवस्था गरिनेछ ।

५. अन्तर स्थानीय तहमा समन्वय तथा सहकार्य गर्न सक्ने वियषहरुको पहिचान गर्न विभिन्न बैठक तथा गतिविधि संचालन गरिनेछ ।

**अब म अगामी आर्थिक बर्ष २०८१/०८२ मा गरिने मुख्य मुख्य कृयाकलापहरु प्रस्तुत गर्दछु ।**

- गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण गरिने छ ।
- गाउँपालिकाको अधुरो तालिम हलको निर्माण सम्पन्न गरिने छ ।
- अधुरो रहेको विद्यालय भवनहरुको निर्माण सम्पन्न गरिने छ ।
- वडा नं. १ रहेको नदी नियन्त्रणको कार्य सम्पन्न गरिने छ ।
- लिपनीमालको गुदरी बजारमा भव्य सेड भवन निर्माण सम्पन्न गरिनेछ ।
- वडा नं. ५ बहुअरी गाउँको मुख्य सडक तथा नाला निर्माण सम्पन्न गरिनेछ ।
- वडा नं. ५ बहुअरीको अधुरो विद्यालय भवन सम्पन्न गरी नयाँ भवनबाट पठनपाठ्न सुरु गरिनेछ ।
- वडा स्तरीय योजनाको संचालनको लागि ३ करोड ७५ लाख विनियोजन गरिने छ ।
- गाउँपालिकामा क्षेत्रभरी नियमित सरसफाई सम्पन्न गरी फौहोरमैला विसर्जनको कार्य प्रारम्भ गरिनेछ ।
- नवप्रवर्द्धनमा आधारित आर्थिक विकास कार्यक्रम संचालन गरिनेछ ।
- कृषि विद्युतीकरण अन्तर्गत गाउँपालिका द्वारा कृषि मिटरको महसुल भुक्तानी अनुदान दिईनेछ । कृषि विद्युतीकरणको लागि तार पोल जडान कार्यक्रम सम्पन्न गरिनेछ ।
- वडा नं.२ मा रहेको नागरिक आरोग्य केन्द्र भवन निर्मान सम्पन्न गरिनेछ ।
- गाउँपालिकाका भरि रहेको विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार, पुर्वाधार निर्माण, शैक्षिक समाग्री खरिद अनुदानको लागि रु १ करोड विनियोजन गरेको छु ।
- कृषि विकास कार्यक्रमको लागि रु. १ करोड विनियोजन गरेको छु ।
- महिला, अपाङ्ग, बालबालिका, ज्येष्ठ नागरिक, पिछडीएको क्षेत्र, दलित, माहादलित, मुस्लिम समुदाय लगायतको जिवनस्तर उकास्नको लागि लक्षित वर्ग कार्यक्रम सञ्चालन गरिनेछ ।
- भाषा, धर्म सँस्कृती तथा कला संरक्षण एवम् समर्धनका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

- गाउँपालिकावाट प्रदान गरिने सेवाहरु अक्ष चुस्त, दुरुस्त तरिकाले प्रदान गर्न र प्रविधि मैत्रि सेवा उपलब्ध गराउनको लागि आवश्यक पर्ने व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- जिवन रक्षा कार्यक्रमको लागि रक्तदान कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
- दोस्रो अध्यक्ष कप क्रिकेट प्रतियोगिता सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- कर्मचारी तथा पदाधिकारीको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठि, सेमिनार तथा अन्तर जिल्ला र स्थानिय तह भ्रमणको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
- उद्योग क्षेत्रको विकास तथा रोजगारीको अवसर श्रृजना गर्न निजि क्षेत्रसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
- हरित गाउँपालिकाको लागि बृक्षारोपण, विरुवा उत्पादन तथा नर्सरी व्यवस्थापन कार्यलाइ निरन्तरता प्रदान गरेको छु ।
- गाउँपालिकावाट सम्पादन हुने कार्यहरु सुचना प्रविध मैत्रि वनाउनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
- महिला तथा वालवालिकाको स्वास्थ्य सेवा सुधार कार्यमा अहोरात्र खटिने महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाइ प्रोत्साहन गर्न प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु ।
- जि स्वास्थ्य चौकिमा कार्यरत डाक्टर, ल्याब टेक्निसियन तथा बर्थिङ्ग सेन्टरहरुमा कार्यरत अ.न.मी. र का.स.हरुको तलब भत्ताको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
- विभिन्न दिर्घरोगी, प्रकोप तथा विपद पिडितहरुलाइ राहत प्रदान गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।
- विपद व्यवस्थापन कोष स्थापना तथा परिचालनको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
- युवा तथा बालबालिकाहरुको क्षमता अभिवृद्ध गर्न खेलकुद समाग्री खरिद गरि वितरण गर्न वजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिकाको सडक, स्वास्थ्य, कृषि, प्राविधिक, शिक्षा गुरुयोजना तयार गर्न वजेट विनियोजन गरेको छु ।
- ग्रामिण तथा कृषि विधुतिकरणका लागि बजेट व्यवस्था गरेको छु ।
- न्यायिक समितिको काम कार्यवाहीलाइ अझ प्रभावकारी रुपमा सम्पादन गर्न बजेट विनियोजन गरिएको छ ।

## ५. आर्थिक २०८१/८२ को अनुमानित आय व्यय विवरण

**व्यय तर्फः**

अगामी आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ३४ करोड ५७ लाख ६९ हजार विनियोजन अनुमान गरेको छु । कुल विनियोजन मध्ये गाउँपालिका चालु खर्च तर्फ रु. ९ करोड ७० लाख , पालिका समपुरक कोष तर्फ २ करोड, पूँजीगत खर्च तर्फ ११ करोड ४७ लाख ६९ हजार, सशर्त तर्फको चालु खर्च रु. ९ करोड ४९ लाख, शसर्त पुंजिगत तर्फ ८१ लाख विनियोजन अनुमान गरेको छू ।

**आय तर्फः**

अगामी आर्थिक बर्ष २०८१/०८२ का लागि अनुमान गरिएको खर्च श्रोत व्यवस्थापन गर्न संघिय तथा प्रदेश सरकारको वितिय समानिकरण अनुदानबाट १० करोड ४७ लाख ६९ हजार , सशर्त तर्फ संघिय तथा प्रदेश अनुदान रु. ११ करोड १० लाख, संघिय तथा प्रदेशको समपुरक तथा विशेष अनुदान रु.३करोड १०, संघिय तथा प्रदेश सरकारको राजश्व बाँडफाँडवाट ६ करोड ९० हजार मात्र र नपुग हुने रकम रु. ३ करोड आन्तरीक श्रोतबाट आय हुने अनुमान गरेको छु ।

अन्त्यमा प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवम् पारोक्षरुपमा अमुल्य सुझाव एवम् सहयोग पुर्याउनु हुने नेपाल सरकार, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, वडाका वडाध्यक्ष एवम् सदस्य ज्यूहरु, सबै राजनितिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, विषयगत समितिहरु, विषयगत कार्यालय, सुरक्षा निकाय एवम् सरकारी निकाय, गैर सरकारी संघ संस्थाहरु, उद्योगी व्यवसायीहरु, नागरिक समाज, आम गाउँपालिका वासी र गाउँसभा तयारीका लागि खटिने गाउँपालिका सबै कर्मचारीहरु प्रति अभार प्रकट गर्दै कार्यान्वयनमा समेत निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

उपाध्यक्ष श्री सुगान्धी देवी कनुईन को

तर्फबाट प्रमुख प्रशासकीय अधिकृत प्राण मेहता

परवानीपुर गाउँपालिका, बारा ।

मिति २०८१/०३/०८ गते शानिबार

धन्यबाद ।